मन्थन

पुस्तक समीक्षा

गणेशमानका अनेक कथा



पुस्तक	:	मेरो कथाका पानाहरु (खण्ड-१)
लेखक	:	गणेशमान सिंह
प्रस्तुतकर्ता	:	माथवरसिंह
प्रकाशक	:	आयाम प्रकाशन (प्रा.लि.), कमलादी, काठमाडौं; चौथो संस्करण, २०७२
पृष्ठ	:	३१८ + १८
मूल्य	:	उल्लेख नभएको
ISBN	:	99933-33-60-3
समीक्षक	:	**मोहन मैनाली**

गणेशमान सिंह नेपालको राजनीतिमा इमान र अडान भएका संघर्षशील नेता हुन् । काठमाडौंमा सुविधासम्पन्न र राणाशासनबाट लाभ उठाएको परिवारमा जन्मेर पनि उनी राणाविरोधी आन्दोलनमा लागे। संवत् १८८७ मा जेल परे। जेलबाट भागेर भारत पुगे। राणाशासन विरोधी आन्दोलन चलाउन भारतबाट काठमाडौं आएका वेलामा पक्राउ परिने भएपछि पुन: भागेर भारतको सीमा नजिक ठोरी पुग्दा फेरि समातिए र काठमाडौंमा ल्याइए। २००७ सालमा प्रजातन्त्र आएपछि बल्ल जेलबाट छुटे । २०१७ सालमा राजा महेन्द्रले प्रजातन्त्र मासेपछि उनी फेरि धेरै वर्षका लागि जेल परे। उनले २०४६ सालको आन्दोलनको नेतृत्व गरे जसले गर्दा नेपालमा प्रजातन्त्रको पुनर्स्थापना भयो।

उनै गणेशमान सिंहको आत्मकथात्मक संस्मरण हो *मेरो कथाका पानाहरू*। यहाँ यसको खण्ड-१ को मात्र चर्चा गरिएको छ। यसमा गणेशमान सिंहको समयको काठमाडौं, राणाशासनको विरोधमा नेपाल प्रजापरिषद्ले चलाएको आन्दोलन र त्यसमाथिको दमन, राजबन्दीहरूको जेल बसाइँ, जेलबाट भागेर गणेशमान सिंहको भारत प्रस्थान, भारतको कष्टपूर्ण बसाइँ, गणेशमानको भारतीय हवाई सेनामा भर्ती र बहिर्गमन, भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूसँगको गणेशमानको भेटघाट, नेपाल प्रजातन्त्र कांग्रेस र नेपाली कांग्रेसको जन्म जस्ता विषय समेटिका छन्। यी विषय उल्लेख गर्ने क्रममा गणेशमानले नेपाली समाजको चित्र पनि उतारेका छन्। जस्तै, विश्वयुद्धमा लडेका नेपाली सिपाहीका परिवारको अवस्था, नेपालका गाउँको गरीबी र नेपालमा चलेको जातप्रथा।

दोस्रो विश्वयुद्धमा नेपालीहरू दुई वटा बाटोबाट होमिएका थिए: लाहुर भनेर चिनिने सैनिक भर्तिमार्फत र नेपाली सेनामार्फत। नेपाली सेनामार्फत विश्वयुद्धमा होमिएका नुवाकोटका एकजना सैनिकको परिवारको वर्णन गणेशमानले यसरी गरेका छन्, "डेढ वर्ष भएछ बिहा भएको। छोरो लाहुर पसेको एक वर्ष भयो। ५/६ महीना अघिसम्म चिठी-चपेटा आउँदै थियो, अहिले त त्यो पनि ठ्याम्मै बन्द छ भनेर बुढाले लामो सास फेरे। छोराको यादले हो अथवा बुहारीको अवस्थाप्रति दया जागेर आएको हो त्यो लामो सास, मैले छुट्याउन सकिनँ। ... कसका निम्ति उनी विधवाको जस्तो जीवन बिताउँदै छिन्, उनलाई त्यसको पत्तोसम्म थिएन। यी सबै सोचेर मेरो मन उद्विग्न र खल्लो भएर आयो। ... तिनको (विश्वयुद्ध गर्नेहरूको) उन्मादले यो अनकन्टारका प्राणीहरू कसरी प्रभावित भएका छन् र तिनको जीवन कसरी पीडित र दु:खी भएको छ भन्ने कुरा मैले पनि बोध गर्ने अवसर पाउने थिइनँ... ।"

नेपाली समाजमा जातप्रथाले कतिसम्म जरा गाडेको थियो भन्ने कुराको दृष्टान्त पनि गणेशमानले यस किताबमा दिएका छन्। प्रजापरिषद्मा लाग्ने सबै क्रान्तिकारी थिए। सिंहदरबारमा थुनिंदा जातपात मान्दैनौं, छुवाछूत, जातपात, उँचनीच हटाउन अघि बढेका हौं भन्थे। पछि जेलमा पुगेपछि उनीहरू जातपात, छोइछिटो गर्ने भए। अरू त अरू टंकप्रसादका कार्यकर्ता गोविन्दप्रसाद उपाध्याय र पुष्करनाथ उप्रेतीहरू आफ्ना नेता टंकप्रसाद र रामहरि शर्माले छोएको नखाने भए किनभने उनीहरूलाई राणाशासनले जातबाट च्यूत गरेको थियो। केही समयपछि त टंकप्रसाद जात फिर्ता माग्न पतिया मार्दै किरिया बसे।

जातप्रथा सम्बन्धी नेपाली समाजमा व्याप्त दोहोरो चरित्र बुझ्न गणेशमानले दिएको दृष्टान्त अहिले पनि उत्तिकै सान्दर्भिक छ। प्रजापरिषद्को आन्दोलन भन्दा ५५ वर्षपछि थालिएको माओवादी विद्रोहले जातपातको प्रथा हटाउने भनेको थियो। क्रान्तिले रगत उमालेका बेलामा माओवादी प्रजापरिषद्का नेता जस्तै जातप्रथा विरोधी बनेका थिए। कथित तल्ला र माथिल्ला जातका बीचमा बिहेबारी पनि भएको थियो तर क्रान्ति बिसाएपछि त्यस्ता बिहे असफल भए।

आजभन्दा ७७ वर्षपहिले नेपालका गाउँमा गरीबी कस्तो थियो होला? हामी अनुमान मात्र गर्न सक्छौं तर गणेशमानका कथाका पानाहरू पढ्दा त्यसको स्पष्ट चित्र झल्कन्छ। जेलबाट भागेर भारत जाने क्रममा गणेशमान बूढीगण्डकी त्रिशूलीमा मिसिएको

गणेशमानले जेलबाट भागेको कथा बताएर पैसा कमाएको, भारतीय वायु सेनामा भर्ती भएको र वायु सेना छाडेको आदि सबै प्रसङ्ग यस्ता वास्तविक कुरा हुन् जुन उपन्यासकार/कथाकारले कल्पना गरेभन्दा बढी काल्पनिक जस्ता लाग्छन्।

गणेशमान सफल कथावाचक हुन्। म्याट्रिक पास गरी कलकत्ताबाट काठमाडौं फर्कंदाको अनुभूति उनले यसरी पोखेका छन्, "फस्ट क्लासमा म्याट्रिक पास गरेर जसै म काठमाडौं फर्किएँ, चन्द्रागिरिको पहाड ओर्लंदादेखि नै मेरो भार थाम्न काठमाडौंलाई मुश्किल परेको हो कि भन्ने अनुभव गरें।"

ठाउँ बेनीघाट पुगे। साँझ एउटा घरमा मकै भुट्न लागेको देखेपछि गणेशमानले खानेकुरा पाइन्छ कि भनी सोधे। उनले जवाफ पाए, "ख्वै, के पाउनु र यहाँ बाबू। दुई दिन भयो यी केटाकेटीले केही खान पाएका छैनन्। आज बल्ल नानीका बाबुले फलाना ठाउँमा गएर दुईमाना जति मकै लिएर आए...।"

धन्न एकजना महिला भेटिइन् जसले गणेशमानलाई मकै र साँधेको गुन्द्रुक दिइन्। मकै खाएको प्रसङ्गबारे गणेशमानले बताएका कुराले पनि नेपालको गरीबी छर्लङ्ग पार्छ। "त्यो मकै यति थोरै थियो, भोक मार्नसम्म पनि पुगेन। विचरी बूढीले आफ्नो गाँस काटेर दिएकी थिइन्, उनैलाई भोकै राख्न फेरि माग्नु पनि भएन, मैले पानी पिएर सन्तोष मानें।" गणेशमान सुतिसकेपछि एकजना मानिस उनलाई खोज्दै आए। उनी तिनै माझी थिए जसले अलि पहिले गणेशमानलाई त्रिशूली नदी तारिदिएका थिए। उनले गणेशमानलाई दिन सालको टपरीमा अलिकति, तारेको माछा ल्याएका थिए।

माथिको प्रसङ्ग पढ्दा (समीक्षकले) संस्कृतको एउटा भनाइ सम्झिएँ– *बुभुक्षितः किं न करोति पापं*। अर्थात् भोको प्राणीले पाप किन नगरोस्! यो भनाइ चलाउने मानिसले गणेशमानले बेनीघाटमा भेटेका जस्ता मानिसको सङ्गत गर्न पाएको भए यसो भन्दैनथ्यो होला। अथवा यसो भन्न सकिएला– बडे बडे विद्वानका निष्कर्षलाई गलत साबित गर्ने सज्जनहरू बसेको देश हो नेपाल।

म पछिल्लो निष्कर्षलाई बढी विश्वसनीय मान्छु किनभने गणेशमानले भेटेका यिनै माझी र नेवार जातिका सन्तानलाई मैले गणेशमानले भेटेको ५४/५५ वर्षपछि भेटेको थिएँ। उनीहरूसँग बूढीगण्डकीको तीर र शिरतिर दुईचोटि गरेर ३५/३६ दिन सँगै हिंडेको थिएँ। पैसाका हिसाबले उनीहरू गरीब थिए। त्यसैले उनीहरूले हाम्रा भारी बोकेका थिए तर इमान र मानवताका मामलामा उनीहरू जति धनी मान्छे हत्तपत्त भेटिंदैनन्।

गणेशमानको जीवनमा अनेक अकल्पनीय मोड आएका थिए। यी मोडको वर्णन गरिएकाले पुस्तक रोचक बनेको छ। जस्तै, गणेशमान नेपालका उच्च पदका जागिरदार परिवारका मानिस थिए। उनका मावली 'तत्कालीन नेपालको सबभन्दा ठूलो व्यापारी घराना' का थिए। तर पनि गणेशमानले पढाइ र परिवारले गरिआएका कामको बिंडो थाम्नेतिर ध्यान दिएनन्। उनी टोलका गुण्डा बने, घरको ढुकुटी फोरे। त्यसपछि सबै कुरा छाडेर कलकत्तामा बसेर डेढ वर्ष पढे, प्रथम श्रेणीमा म्याट्रिक (एसएलसी सरह) पास गरे।

जेलबाट भागेर भारत पुगेको, जेलबाट भागेको कथा बताएर पैसा कमाएको, भारतीय वायु सेनामा भर्ती भएको र वायु सेना छाडेको सबै प्रसङ्गमा यस्ता अप्रत्यासित मोड आउँछन्। यी यस्ता वास्तविक कुरा हुन् जुन उपन्यासकार/कथाकारले कल्पना गरेभन्दा बढी काल्पनिक जस्ता लाग्छन्। एकपछि अर्को गरी अप्रत्यासित मोड आउँदा पाठक रोमाञ्चित हुँदै जान्छ। अब के हुन्छ भनी जान्न पाठकमा कौतुहल बढ्दै जान्छ।

आफू बिग्रेको, आफूले अरूलाई अनाहकमा होच्याएको/अपमान गर्न खोजेको कुरा लेखकले किताबमा लुकाएका छैनन्। सामान्यतया, आत्मकथा उमेर अलि ढल्केपछि लेख्ने गरिन्छ। यसो गर्दा लेखकले अघि भएका घटना वर्णन गर्दा पछिका घटनाबाट प्रभावित भएर गर्ने गर्छन्। तर यस पुस्तकमा गणेशमानले त्यसो गरेका छैनन्। यसको एउटा उदाहरण हो– टंकप्रसाद आचार्यबारेको वर्णन। गणेशमान सिंह जुन पार्टीका सदस्य थिए त्यसका अध्यक्ष टंकप्रसाद आचार्य थिए। प्रजातन्त्रको स्थापना भएपछि टंकप्रसाद र गणेशमानको राजनीतिक बाटो छुट्टियो। गणेशमानले यो किताबमा भनेअनुसार (उनले भनेको कुरा रेकर्ड गरेर, त्यसलाई उतार गरेर पुस्तक तयार गरिएकाले किताबमा 'लेखेको' नभनेर 'भनेको' भनिएको हो) उनी र टंकप्रसादबीचको सम्बन्ध उति सुमधुर थिएन। तर १९९७ सालमा थुनिएका बेलाका टंकप्रसादबारे बताउँदा पछि सम्बन्ध बिग्रेको कुराको कत्ति पनि प्रभाव पर्न दिएका छैनन् गणेशमानले।

राणा विरोधी आन्दोलनमा पक्राउ परेर सिंहदरबारमा थुनिंदा गणेशमान एक्लै थिएनन्। पछि त्यही काण्डमा मृत्युदण्ड दिइएका गंगालाल, धर्मभक्त, दशरथ चन्द र बाहुन हुनाले मृत्युदण्ड पाउनबाट बचेका टंकप्रसाद पनि सँगै थिए। राणाहरूले अत्यन्त निर्मम ढंगबाट बयान लिंदा टंकप्रसादले उनीहरूसँग गरेको व्यवहारबाट प्रभावित भएर गणेशमानले भनेका छन्: "उनी सबै कुरा यति निर्भयसाथ भन्थे मानौं त्यहाँ बयान होइन आपस्तका बीचमा छलफल हुँदैछ। उनी निर्धक्क भन्थे– यो कुरा छोड, अँ, जर्मन र अंग्रेजका बीच लडाइँ के भइरहेछ हँ? ...त्यो देखेर म छक्क पनि परें। कायर र बहादुरका बीचको कत्रो अन्तर ...राणासँग ठा-ठाडै कुरा गर्दा पनि उनीमा कहीं कतै भयको भावना लेस मात्र पनि छैन। उनको निडरता देखेर मैले मनमनै अठोट गरें– भोलि त म पनि टंकप्रसाद जस्तै निडर भएर बयान दिन्छु।"

गणेशमान सफल कथावाचक हुन्। आफ्ना अनुभूति सजिलै व्यक्त गर्न सक्ने मान्छे हुन्। धेरै वर्ष नपढेर बरालिएर, फट्याइँ गरेर हिंडेपछि मिहिनेत गरेर म्याट्रिक पास गरी कलकत्ताबाट काठमाडौं फर्कंदाको अनुभूति उनले यसरी पोखेका छन्, "मैले फस्ट क्लासमा म्याट्रिक पास गरेको सुनेर जेठा हजुरबाजेको के प्रतिक्रिया भयो त्यो त मैले देख्न सकिनँ तर जसै म काठमाडौं फर्किएँ, चन्द्रागिरिको पहाड ओर्लंदादेखि नै मेरो भार थाम्न काठमाडौंलाई मुश्किल परेको हो कि भन्ने चाहिं मैले अनुभव गरेको हुँ।"

शिक्षकका लागि यो पुस्तक धेरै किसिमले उपयोगी छ। पहिलो, यसले हाम्रो इतिहास, अलि पहिलेका व्यक्तित्व र समाजका बारेमा बुझाउँछ। यी कुरा नबुझिकन शिक्षकले आफू शिक्षण गरिरहेको समाजबारे बुझ्न र बुझाउन सक्दैन। दोस्रो, सिर्जनशील लेखनको अभ्यास गराउनका लागि यो पुस्तक एकदमै सहयोगी हुनसक्छ। यो किताब विद्यार्थीलाई पढ्न लगाएर त्यसका आधारमा उनीहरूलाई गणेशमानको व्यक्तिचित्र लेख्न लगाउन सकिन्छ। नेपालमा कथा पुनर्वाचन गर्ने चलन धार्मिक र पञ्चतन्त्रका कथामा मात्र सीमित छ। यो उपयोगी विधालाई अन्य साहित्यमा उपयोग गर्ने अभ्यास विद्यार्थीहरूलाई गराउन सकिन्छ। यसो गर्दा भोलि यो विधामा उत्तम जनशक्ति तयार हुनसक्छ। नेपालको पुनर्वाचन साहित्य फस्टाउन सक्छ। यस विधामार्फत ज्ञानको प्रसार व्यापक हुनसक्छ। त्यस निम्ति पनि यो कृति सहायकसिद्ध हुन सक्छ।

मैनाली लेखक-पत्रकार हुन्।

सेना–उद्योग गठजोडको परिणति



पुस्तक : थ्री डेज इन जनवरी : ड्वाइट आइजनहावर्स फाइनल मिसन
लेखक : ब्रेट वायर/क्याथरिन ह्वीटनी
पृष्ठ : ३४६
ISBN : 978-0-06-256903-5

समीक्षक : अजय दीक्षित

थ्री डेज इन जनवरी पुस्तक अमेरिकाका ३४औं राष्ट्रपति ड्वाइट डी आइजनहावरको कथा हो। यसका लेखक ब्रेट वायर अमेरिकाको फक्स न्यूज च्यानलका राजनीतिक सल्लाहकार हुन्। उनले यो पुस्तक न्यूयोर्क टाइम्सका स्तम्भकार क्याथरिन ह्वीटनीसँग मिलेर लेखेका हुन्। पुस्तकले त्यसबेलाको विश्व सशस्त्रीकरणको विषयलाई संयुक्तराज्य अमेरिका, उत्तरकोरिया, तत्कालीन सोभियत युनियनबीचको तनाव, सम्भावित आणविक युद्ध र दोस्रो युद्धपछिको सन्दर्भलाई राष्ट्रपति आइजनहावरको परिदृश्यबाट हेरेको छ।

अमेरिकी राष्ट्रपति : विश्वव्यापी भूमिका

आइजनहावर दोस्रो विश्वयुद्धमा हिटलरलाई हराउने पश्चिमी गठबन्धन सेनाका कमाण्डर थिए। सो युद्धको समापनपछि नेटोको स्थापना भयो र उनी त्यसको सेनाका कमाण्डर बने। अमेरिकी सेनालगायत नेटो कमाण्डरको भूमिकाबाट अवकाश प्राप्त गरेपछि आइजनहावर रिपब्लिकन पार्टीको तर्फबाट अमेरिकी राष्ट्रपति पदका लागि उम्मेदवार बने र चुनिए पनि। उनको कार्यकाल सन् १८५२ देखि १८६० सम्म रह्यो। सन् १८६० को चुनावमा रिपब्लिकन पार्टीबाट आइजनहावरका उपराष्ट्रपति रिचर्ड निक्सन र डेमोक्र्याटिक पार्टीबाट जोन एफ केनेडी राष्ट्रपतिका उम्मेदवार थिए। चुनावमा केनेडीले जिते, निक्सन हारे। नयाँ राष्ट्रपति केनेडीलाई सत्ता हस्तान्तरण गर्नुअघि १७ जनवरी १८६१ का दिन अमेरिकी जनतालाई राष्ट्रपति आइजनहावरले सम्बोधन गरेका थिए। त्यो भाषणमा प्रतिबिम्बित दृष्टिकोणको सेरोफेरोमा रहेर यो पुस्तकले अमेरिकी राजनीति र विश्वका घटनाक्रम प्रस्तुत गरेको छ।

पुस्तकमा लेखकद्वय भन्छन्, अमेरिकी राष्ट्रपतिको निर्णयले अमेरिकामा मात्रै होइन, विश्वव्यापी महत्त्व राख्छ। राष्ट्रपति फ्र्याङ्क्लिन डि रुजवेल्टदेखि ओबामासम्म त्यो क्रम चलेको थियो। सन् १८३० को ठूलो मन्दीपछि राष्ट्रपति रुजवेल्टले 'नयाँ डिल' कार्यक्रमअन्तर्गत विकासको एउटा अवधारणा कार्यान्वयन गरे भने राष्ट्रपति ट्रुम्यानको चारबुँदे कार्यक्रमले तेस्रो विश्वका मुलकको विकासका लागि प्रविधि केन्द्रित मार्ग खोलेको थियो। त्यसपछिका राष्ट्रपतिहरूले पश्चिमी प्रजातन्त्र र मूल्य अघि बढाए भने पछिल्ला राष्ट्रपति डोनाल्ड ट्रम्पले भने त्यस्ता मूल्यलाई अबको अमेरिकाले त्यति महत्त्व नदिने सन्देश दिएका छन्। ट्रम्पको नीति कसरी अगाडि बढ्ला, कहाँ कस्तो असर पर्ला– हेर्न बाँकी नै छ।

राष्ट्रपति आइजनहावरले त्यतिबेला ठूलो महत्त्वका अवधारणा प्रस्तुत गरेका थिए। उनको अवधारणामा विश्वमा बढ्दो सैनिकीकरण प्रतिको चिन्ता व्यक्त थियो; जसले नेपाललगायत सम्पूर्ण विश्वलाई छुन्थ्यो। आफ्नो अन्तिम सम्भाषणमा राष्ट्रपति आइजनहावरले 'मिलिटरी-इण्डष्ट्रियल कम्प्लेक्स' अर्थात् 'सेना-उद्योग गठजोड' को बढ्दो भूमिकाबारे प्रश्न उठाएका थिए। राष्ट्रपतिको चिन्ता थियो उद्योगहरू सेनासित जोडिएका छन् र सैनिक आवश्यकताले उद्योगहरू निर्देशित हुन्छन्।

सेना र उद्योगहरूबीचको गठजोडबारे राष्ट्रपतिको सम्भाषणको अंशमा निम्न सार व्यक्त भएको थियो, "यो व्यापक सैनिक संरचना र ठूला अस्त्र उद्योगको गठजोड अमेरिकाको नयाँ अनुभव हो। यसले हाम्रो आर्थिक र राजनीतिक मात्रै होइन अलौकिक सोचमा पनि असर गर्दै हरेक शहर, राज्य, घर र संघीय सरकारका क्रियाकलापलाई समेत प्रभावित गरेको छ। हामीले विकासको यो आवश्यकता बुझेका छौं। हाम्रा काम-कारबाही, स्रोत र जनजीविका सबै यो पद्धतिसँग जोडिएका छन्। साथै, हाम्रो समाजको संरचना पनि जोडिएको छ। तथापि हामीले यस्तो गठजोडले ल्याउने गम्भीर असर बिर्सनुहुँदैन। हामीले हाम्रो सरकारका क्रियाकलाप माथि 'मिलिटरी-इण्डष्ट्रियल कम्प्लेक्स' को अनावश्यक प्रभावलाई रोक्नुपर्छ।"

कोरिया युद्धको सन्दर्भ

दोस्रो विश्वयुद्ध सकिएदेखि नै कोरियन प्रायद्वीपमा उथलपुथल हुन थालेको थियो। संयुक्त राज्य अमेरिका र तत्कालीन सोभियत युनियनले, युद्धअघि जापानको अधीनमा रहेको कोरियालाई उत्तर र दक्षिणमा विभाजन गरेका थिए। उत्तरमा सोभियत युनियन र दक्षिणमा संयुक्तराज्य अमेरिकाको प्रभाव थियो। मे २५, सन् १८५० मा उत्तरका सैनिकले कोरिया एकीकृत गर्ने उद्देश्य राखी दक्षिणमा आक्रमण गरे। संयुक्त राष्ट्रसंघको निर्णयपछि अमेरिकालगायत अरू १६ मुलुकका सेना जनरल डग्लस म्याकआर्थरको अगुवाइमा उक्त आक्रमणको प्रतिरोधमा उत्रिए।

त्यसबेला अमेरिकाको राष्ट्रपति पदमा ट्रुम्यान थिए। राष्ट्रपति ट्रुम्यान र जनरल म्याकआर्थरबीच युद्धको विषयबारे विमति बढ्दै

लाग्छ; राष्ट्रपति आइजनहावरले ठम्याएको 'सेना–उद्योग गठजोड' आजसम्म पनि विना रोकटोक अघि बढ्दैछ, त्यसले विश्वलाई गाँज्दैछ। प्रजातान्त्रिक मूल्यमान्यताहरू आज आएर चपेटामा पर्न थाल्नुको एउटा कारण के यही गठजोड हो ? गहन अध्ययनको विषय हो, यो।

गइरहेको बेला उत्तरकोरियाको तर्फबाट चीन पनि युद्धमा सहभागी हुन आइपुग्यो । अन्ततोगत्वा आफूलाई नटेरेको भनेर ट्रुम्यानले जनरल म्याकआर्थरलाई बर्खास्त गरे। कोरियन युद्ध नटुङ्गिने र तेस्रो विश्वयुद्धमा परिणत होला भन्ने स्थितिमा पुग्यो।

सन् १८५२ मा राष्ट्रपति पद ग्रहण गर्नुअघि आइजनहावर कोरिया भ्रमणमा गए। कमाण्डरहरू लडाइँ बढाउने तर्क गर्दै थिए तर आइजनहावरलाई सो स्वीकार भएन। युद्धमा अमेरिकी सेनाको मृत्युको खबरले परिवारहरू आजित भएका थिए, युद्धप्रति वितृष्णा हुन थालेको थियो। राष्ट्रपति पद सम्हालेपछि युद्ध बन्द गर्ने निर्णयसहित आइजनहावर वाशिङ्टन फर्के।

तर आइजनहावरका विदेश मन्त्री जोन फस्टर डलस युद्धविराम गर्ने प्रस्तावको पक्षमा देखिएनन् । दक्षिण कोरियाका राष्ट्रपति सिङ्ग्मान रि पनि शुरूमा युद्ध रोक्ने पक्षमा थिएनन् । अमेरिकी सहयोग कटौती हुने धम्कीपछि मात्रै उनी युद्धविरामको पक्षमा आए। सन् १८५३ जुलाई २७ मा युद्धविराम घोषणा गरियो। उत्तर र दक्षिण कोरिया फरक मुलुक बने, जुन अद्यावधि कायम छन्।

आणविक युद्धको त्रासदी

आइजनहावरको राष्ट्रपतिकालमा फैलिएको आणविक युद्धको त्रासदी सम्बन्धी एउटा रोचक प्रसङ्ग पुस्तकमा उल्लेख छ। ओभल अफिसमा पहिलो दिन आइजनहावरले ताल्चा मारिएको घर्रा देखे। सो खोलेर हेर्दा अघिल्ला राष्ट्रपति ह्यारी ट्रुम्यानले तयार पार्न लगाएका आणविक युद्ध सम्बन्धी प्रतिवेदन भेटियो। 'आणविक बमका पिता' रबर्ट ओपनहाइमरले तयार गरेको सो प्रतिवेदनमा सोभियत युनियन र अमेरिकाबीचको हतियार होडबाजी, खासगरी आणविक हतियारहरू प्रयोग भएमा के होला भन्ने उल्लेख गरिएको थियो । प्रतिवेदनले बताएको थियो, 'युद्ध भएमा हजारौं मिसाइल र आणविक हतियार यताउता हुनेछन्।' त्यस्तो अवस्थामा को को बच्लान् भन्ने प्रश्नमा प्रतिवेदनले स्पष्ट भनेको थियो: 'अमेरिका (साथै सोभियत युनियन पनि) विकिरणका कारण चन्द्रमा जस्तो बन्नेछ।'

बन्द घर्रामा रहनु भन्दा त्यो प्रतिवेदन सार्वजनिक हुनु उचित मान्दै राष्ट्रपतिले सार्वजनिक गराउने निर्णय गरे । यस सम्बन्धी रबर्ट ओपनहाइमरको लेख जुलाई १८५३ मा *फोरेन एफेर्स* जर्नलमा छापियो। सो लेख उद्धृत गर्दै पुस्तक भन्छ, 'हाम्रा २०औं हजार बम, तिनका (सोभियत युनियन) दुई हजार बम रोक्न सफल हुने छैनन् .... हामीले बुझ्नु जरूरी छ- थुप्रै आणविक युद्धहरू भइरहने छैनन् । .... आणविक युद्ध एउटा पनि हुनुहुँदैन ।" जापानको हिरोशिमा र नागाशाकीमा परमाणु बमले त्यसअघि नै तबाही गरिसकेको थियो। राष्ट्रपति आइजनहावरले आफ्नो ध्यान आणविक हतियार होडबाजी रोक्नमा केन्द्रित गरे। सन् १८५३ डिसेम्बर ८ तारिखका दिन संयुक्त राष्ट्रसंघमा उनले 'शान्तिका लागि अणु' भन्ने घोषणा गरे। आणविक शक्तिलाई विभिन्न सन्दर्भमा हेर्न थालियो : औषधि, बिजुली, कृषि, अन्तरिक्ष सभ्यता आदि– विध्वंस होइन, सम्वर्द्धन गर्ने स्रोतको रूपमा । यो प्रस्तावपछि राष्ट्रसंघअन्तर्गत अन्तर्राष्ट्रिय आणविक ऊर्जा सङ्गठन खडा भएको हो।

सन् १८५० र १८६० को दशकमा अमेरिकीहरूले आणविक आक्रमण भएमा आफूलाई कसरी बचाउने भनेर व्यापक अभ्यास गरे, यद्यपि आणविक आक्रमणबाट बच्न सकिन्छ भन्ने मान्यता नै गलत थियो । अमेरिकीहरूलाई बम खसेपछि टेबलमुनि पस्न र छेकिन अर्थात् 'डक एण्ड कभर' को व्यवहार सिकाइयो । घरघरमा भुइँ कोठा बनाउने परिपाटी चल्यो । सुपरमार्केटहरूले बम आक्रमणपछि बच्न सहयोगी चिसो पारिएका खाना, टर्चलाइट, प्रारम्भिक उपचार सामान, ब्याट्रीले चल्ने रेडियो आदि बेच्न थाले। तर आणविक आक्रमण भएको खण्डमा 'डक एण्ड कभर' जस्ता अभ्यास र उपायहरू काम नलाग्ने भन्ने वास्तविकता विस्तारै स्थापित हुँदैगयो ।

आर्थिक वृद्धि

सन् १८५०-१८६० अमेरिकी समृद्धिको दशक थियो । दोस्रो विश्वयुद्धका पीडा कम हुन थालेका थिए । उच्च आर्थिक वृद्धिदर, न्यून बेरोजगारी, राजमार्गको निर्माण र शिक्षामा लगानीले अमेरिकामा सबल मध्यमवर्ग सिर्जना गर्न सहयोग गरेको थियो। आइजनहावरको राष्ट्रपति कालमै अमेरिकाको आधुनिक सडक सञ्जाल निर्माण भयो, जुन मुलुकभरि फैलिएका छन् । आज यो सञ्जालविना अमेरिकी अर्थव्यवस्था र जीवनपद्धति कल्पना गर्न सकिँदैन । आर्थिक मात्रै होइन सैनिक हिसाबले पनि अमेरिका शक्तिशाली बन्दै गयो, जुन क्रमलाई अगाडि लैजान सेना-उद्योग गठजोडले भूमिका खेलेको छ।

जोन एफ केनेडी अमेरिकाको राष्ट्रपति बनेको केही महीनामै क्युवामा निर्माण गरिएको मिसाइल अड्डाको विषयलाई लिएर सोभियत युनियन र अमेरिकाबीच आणविक युद्ध हुनसक्ने सम्भावना अगाडि आएको थियो, तर टऱ्यो । त्यसपछि अमेरिका भियतनाम युद्धमा भासियो। युद्धका पाइला आज पनि रोकिएका छैनन् : अफगानिस्तान, इराक र सिरिया र यमन युद्ध भइरहेका मुलुक हुन्। (अन्य मुलुकमा भएका स-साना द्वन्द्व र युद्धमा अमेरिका कसरी सहभागी थियो भन्ने विवरण *स्मल वार्स, फारवे प्लेस : ग्लोबल इन्सुरेक्सन एन्ड द मेकिङ अफ दि मोडर्न वर्ल्ड १८४५-१८६५* नामक पुस्तकमा भेटिन्छ, जसको समीक्षा *शिक्षक* मासिकको २०७१ फागुन अङ्कमा गरिसकिएको छ।)

भारत र पाकिस्तानबीच हुने 'तु-तु, मे-मे' दक्षिण एशियाले लामो समयदेखि भोग्दै आएको वास्तविकता हो। दोक्लाम क्षेत्रमा भारत र चीनको विवादले नराम्रो रूप लिने सम्भावना तत्काललाई टरेको छ। दक्षिण चीन समुद्रको तनाव कायमै छ भने पछिल्लो कालखण्डमा उत्तरकोरिया र संयुक्तराज्य अमेरिकाबीच हुँदै गरेको वाक्युद्धले अकल्पनीय परिणाम ल्याउने त्रास बढेको थियो, जुन हाललाई साम्य भएको छ। आज युद्ध सामग्रीलाई उपभोक्ता सामानसरह विज्ञापन गरिएको यूट्यूबमा भेटिन्छ । चिनियाँ राष्ट्रपति सी जिङपिङसित रातिको खाना खाँदै गर्दा राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो मुलुकले सिरियामा मिसाइल प्रहार गरेको बताएका थिए । तत्पश्चात् टेलिभिजनमा एक अमेरिकी सञ्चारकर्मीको कथन सुनियो, 'मिसाइलको कस्तो राम्रो प्रक्षेपण !' यो राष्ट्रपति आइजनहावरले त्यतिबेला नै संकेत गरेको सेना-उद्योग गठजोडको प्रतिबिम्ब हो। सो गठजोडको दोस्रो प्रतिफल हो– खनिज इन्धनमा आधारित अर्थ-व्यवस्था र हरितगृह ग्यास उत्सर्जन।

यस्तो लाग्छ; राष्ट्रपति आइजनहावरले बताएको 'सेना-उद्योग गठजोड' आजसम्म पनि विना रोकटोक अघि बढ्दैछ, त्यसले विश्वलाई गाँज्दैछ । संयुक्त राज्य अमेरिकालगायत पश्चिमी सभ्यताले शाश्वत मानेका प्रजातान्त्रिक मूल्यमान्यताहरू आज आएर चपेटामा पर्न थाल्नुको एउटा कारण के यही गठजोड हो? गहन अध्ययनको विषय हो, यो। दोस्रो विश्वयुद्ध जित्न अगुवाइ गरेका कमाण्डर र राष्ट्रपति भएपछि युद्धको त्रासदी हटाउनुपर्छ भन्ने व्यक्तित्वले सम्झाएको विवेक वर्तमान अमेरिकामा हराएको अनुभूति हुन्छ। 📖

दीक्षित आइसेट-नेपालमा कार्यरत छन् ।

प्रजातन्त्र कसरी मर्छ ?



पुस्तक : हाउ डेमोक्रेसिज डाईः
ह्वाट हिष्ट्री रिभिल्स अबाउट आवर फ्युचर
लेखक : स्टिभेन लेभित्स्की र डेनियल जिब्लाट्
प्रकाशक : पेनगुइन बुक्स
पृष्ठ : ३१२ + ८
ISBN : 978-0-241-31798-3 (Hardback)
978-0-241-33649-6 (Trade Paperback)

समीक्षक : तुलसी नेपाल

हामीकहाँ 'प्रजातन्त्र' (Democracy) लाई 'लोकतन्त्र' लबजले विस्थापित गरेको एकदशक जति भइसकेको छ। यी दुई नेपाली शब्दावली रूपमा भिन्न देखिए पनि सारमा समान छन्। दुवैलाई अंग्रेजीमा 'डेमोक्रेसी' एउटै शब्दले प्रतिनिधित्व गर्छ। यो समीक्षामा 'डेमोक्रेसी' को अनुवाद लोकतन्त्र भनेर गरिएको छ। समीक्षाको विषयवस्तु अमेरिकाको हार्वर्ड विश्वविद्यालयका प्राध्यापकद्वय स्टिभेन लेभित्स्की र डेनियल जिब्लाट्को ताजा कृति *हाउ डेमोक्रेसीज डाईः ह्वाट हिष्ट्री रिभिल्स अबाउट आवर फयुचर* हो।

लोकतन्त्र भन्दा अर्को उत्तम वैकल्पिक व्यवस्था नभएर नै होला, संसारभरि लोकतन्त्र स्थापनाका लागि ठूलठूला आन्दोलन र क्रान्ति भएका छन्। नेपालमा पनि त्यस्तै भयो। तर के लोकतन्त्र 'दूधले धोएको' व्यवस्था हो त ? यस सन्दर्भमा पं. जवाहरलाल नेहरूले भनेको देहायको कथन मननीय छः

"लोकतन्त्र राम्रो व्यवस्था हो। म यो किन भन्छु भने अरू व्यवस्थाहरू झन् खराब छन्, त्यसैले लोकतन्त्र स्वीकार गर्न हामी बाध्य छौं। यसका राम्रा र नराम्रा दुवै पक्ष छन्। तर लोकतन्त्रले सबै समस्याको हल गर्छ भन्नु सर्वथा गलत हुन्छ। समस्याहरू त बौद्धिकता र कडा परिश्रमले मात्र समाधान गर्न सकिन्छ।"

नेपालको आजको परिवेशमा 'हाउ डेमोक्रेसिज डाई ...' पुस्तकको अध्ययनले हाम्रा लोकतन्त्रवादी संस्था एवं व्यक्तिहरूलाई पनि केही खुराक दिन सक्ने देखिएकाले यहाँ पुस्तकले उठान गरेका केही महत्त्वपूर्ण पक्षलाई सारांशमा प्रस्तुत गरिएको छ।

जम्मा नौ अध्यायमा विभाजित यो पुस्तकको परिचयको खण्डको पहिलो वाक्य नै 'के हाम्रो लोकतन्त्र खतरामा छ?' भन्ने प्रश्नबाट शुरू हुन्छ। विगत १५ वर्षसम्म अरू देशमा लोकतन्त्र असफल भएको बारेमा सोच्ने, लेख्ने र विद्यार्थीलाई पढाउने गरेका यी दुई प्रोफेसर गएको दुई वर्षदेखि आफ्नै देश अमेरिकालाई नजिकबाट नियाल्दै आएका छन् र त्यस क्रममा त्यहाँका राजनीतिज्ञहरूले अनौठा कुरा र काम गरिरहेको बताउँछन्। र, उनीहरूले यसलाई अन्य मुलुकमा जस्तै, राजनीतिक संकटको पूर्व आभासको रूपमा लिएका छन्। तर पनि अमेरिकाको सन्दर्भमा उनीहरूको आग्रह छः "हाम्रो संविधान, स्वतन्त्रता र समानता, ऐतिहासिक रूपमै बलियो रहेको मध्यम वर्ग, उच्च तहको सम्पन्नता र शिक्षा, ठूलो र विविधतायुक्त निजी क्षेत्र- यी सबैले नै अन्य मुलुकमा भए जस्ता लोकतान्त्रिक दुर्घटनाबाट अमेरिकालाई बचाउनुपर्छ।"

लोकतन्त्रको अन्त्य हातमा बन्दूक हुने मानिसबाट भएको त देखिएकै हो, तर यसको अर्को पाटो पनि छ। त्यो पाटो कम नाटकीय तर उत्तिकै विध्वंसात्मक हुने गर्छ। त्यो के भने राष्ट्रपति वा प्रधानमन्त्री जस्ता निर्वाचित नेताबाट पनि लोकतन्त्रको देहावसान हुन्छ। यो दाबीलाई लेखकद्वयले भेनेजुएलाको उदाहरण दिंदै स्पष्ट पारेका छन्- 'ह्युगो चाबेजले लोकतान्त्रिक पद्धतिबाट पहिलोपटक राष्ट्रपति पद जितेको दुई दशकपछि भेनेजुएला निरंकुश व्यवस्था भएको देशमा परिणत भयो।'

निर्वाचित निरंकुश शासकहरूलाई लगाम लगाउन राज्यका कानून र निकायहरू मात्र पर्याप्त हुँदैनन्। यसका लागि राजनीतिक दल र संगठित नागरिकहरू नै अग्रसर हुनुपर्छ। मजबूत मानदण्ड विना संवैधानिक नियन्त्रण र सन्तुलन हुन सक्दैन। राज्य र लोकतन्त्रका संस्थाहरू उपर नियन्त्रण हुनेले नियन्त्रण नहुनेका विरुद्ध ती संस्थाहरूलाई राजनीतिक अस्त्रका रूपमा प्रयोग गर्छन्। निर्वाचित निरंकुशहरूले अदालत र अन्य तटस्थ निकायहरू जस्तै– संचारगृह, निजी क्षेत्र आदिलाई हतियारको रूपमा प्रयोग गरेर विपक्षीमाथि प्रहार गर्ने राजनीतिको नयाँ नियम लेखाउँछन् र लोकतन्त्र धरापमा पर्छ। यसरी, निर्वाचनको बाटोबाट निरंकुशतावादको उदय भई लोकतन्त्रका संस्थाहरूको घाँटी निमोठ्दै विस्तारै कानूनी रूपमै लोकतन्त्रको हत्या हुन्छ।

अमेरिकाको पछिल्लो अवस्थाको उदाहरण दिंदै लेखकद्वयले लेखेका छन्– 'अचेल अमेरिकी लोकतन्त्रका रक्षकहरू कमजोर भइरहेका छन्। एउटा र अर्कोको बीच नीतिगत असहमतिको सट्टा जातीय र सांस्कृतिक अस्तित्वको द्वन्द्व सिर्जना हुन गई दलगत ध्रुवीकरण बढेका र लोकतान्त्रिक मापदण्ड कमजोर हुँदै गइरहेका छन्। अमेरिकाको जातीय समानता प्राप्त गर्ने प्रयत्नले विस्तार भएको विविधताका कारण आन्तरिक प्रतिक्रिया र ध्रुवीकरणले ऊर्जा पाइरहेको छ। र, इतिहासका दुर्घटनाहरूलाई हेर्ने हो भने अतिवादी ध्रुवीकरणले लोकतन्त्रलाई नै मार्न सक्छ।'

धेरै अमेरिकीहरू अमेरिकाको पछिल्लो अवस्थाबाट चिन्तित छन्। तर लेखकद्वयको कथन छ 'लोकतन्त्र जोगाउन चिन्ता वा डरले मात्र पुग्दैन। नागरिकहरू आवश्यकता अनुसार भद्र र कठोर हुनु पनि जरूरी हुन्छ। अमेरिकीहरूले अन्य देश र देशभित्रकै

निर्वाचित निरंकुशहरूले अदालत, प्रेस, निजी क्षेत्र आदिलाई हतियारको रूपमा प्रयोग गरेर विपक्षीमाथि प्रहार गर्ने राजनीतिको नयाँ नियम लेखाउँछन् र लोकतन्त्र धरापमा पर्छ। यसरी, निर्वाचनको बाटोबाटै लोकतन्त्रका संस्थाहरूको घाँटी निमोठी विस्तारै कानूनी रूपमै लोकतन्त्रको हत्या हुन्छ।

लोकतन्त्र जोगाउन चिन्ता वा डरले मात्र पुग्दैन, नागरिकहरू आवश्यकता अनुसार भद्र र कठोर हुनु पनि जरूरी हुन्छ। तिनले अन्य देश र देशभित्रकै चेतावनीका संकेतहरूबाट सिक्दै समयमै सही र गलत छुट्याउन सक्नुपर्छ।

चेतावनीका संकेतहरूबाट सिक्दै समयमै सही र गलत छुट्याउन सक्नुपर्छ। लोकतन्त्रलाई नष्ट गर्ने अन्य देशका गलत पाइलाहरूबाट जानकार हुँदै आफ्नो परिवेशप्रति सचेत रहनुपर्छ। र, विगतमा ठूल्ठूला लोकतान्त्रिक संकट निवारणका लागि स्वयं अमेरिकी जनता आफ्ना गहिरा विभाजनहरू पन्छाएर कसरी उर्लिएका थिए भनेर मनन् गर्नुपर्छ।'

लेखकद्वय भन्छन्, 'सामान्यत: हामी के विश्वास गर्छौं भने– कुनै पनि सरकारको भाग्य यसका नागरिकको हातमा भर पर्छ। यदि नागरिक लोकतान्त्रिक मूल्य भएका छन् भने लोकतन्त्र सुरक्षित हुन्छ। यदि नागरिक नै निरंकुश पद्धतिका लागि खुल्ला छन् भने ढिलो वा चाँडो त्यहाँको लोकतन्त्र समस्यामा पर्छ।' तर लेखकद्वय यस्तो विचार या विश्वासलाई सही ठान्दैनन्। उनीहरूका अनुसार सन् १९२० को दशकमा जर्मनी र इटालीमा निरंकुश प्रणालीको पक्षमा बहुमत नागरिक थिए भन्ने कुनै प्रमाण र पुष्ट्याईं पाइँदैन। सबै लोकतन्त्रमा संभावनायुक्त शक्तिपिपासु नेताहरू हुन्छन् नै। यस्ता केही नेताले कहिलेकाहीं जनभावनालाई चोट पुऱ्याउन सक्छन्। तर कैयौं लोकतन्त्रमा राजनीतिक नेता र नागरिक-संस्थाहरूले लोकतन्त्र विरुद्धका चेतावनीका संकेतहरूलाई समयमै ठम्याएर निरंकुशतावादीहरूलाई शक्तिकेन्द्रबाट टाढै राख्छन्। यसो गर्नका लागि राजनीतिक दलहरू नै सबैभन्दा महत्त्वपूर्ण हुन्छन्।

पुस्तकमा लेखकहरूले संसारका विभिन्न देशका राजनीतिक घटनालाई उदाहरणका रूपमा पेश गर्दै ती उदाहरणबाट अमेरिका तथा अन्य देशका जनतालाई सिक्न प्रेरित गरेका छन्। पुस्तकको सार बताउँदै लेखकद्वय भन्छन्– इतिहास आफैं दोहोरिंदैन, यसको एउटा लय हुन्छ। धेरै ढिलो हुनु अगावै इतिहासको त्यो लयलाई पत्ता लगाउन र बुझ्न सकौं।

अन्त्यमा, प्रस्तुत पुस्तक भर्खरै लोकतान्त्रिक पद्धतिमा प्रवेश गरेका र पुराना– दुवैखाले मुलुकमा लोकतन्त्रलाई जोगाइराख्न चिन्ता र चासो लिने राजनीतिज्ञ, नागरिक समाज, निजी क्षेत्र, संचार जगत र तमाम नागरिकका निम्ति अत्यन्त उपयोगी छ।

नेपाल; समाज र ग्रामीण पूर्वाधारका विषयमा विशेष रुचि राख्छन्।

यो पनि !

गान्धी डिभिजनका कुरा



परीक्षामा तेस्रो श्रेणीमा उत्तीर्णहरूका निम्ति महात्मा गान्धी ठूलो सहारा हुन्। उनीहरू 'गान्धी पनि तेस्रो श्रेणीवाला थिए' भनेर चित्त बुझाउँछन्।

तर गान्धी सधैं सबै कक्षामा तेस्रो श्रेणीमै अड्किएका भने होइनन्। उनले माथि तहको पहिलो कक्षा (सम्भवत: ८) ६६.५ प्रतिशत र त्यसपछिको कक्षा ६० प्रतिशत अङ्क ल्याएर उत्तीर्ण गरेका थिए। तर मेट्रिक (एसईई सरह) परीक्षामा भने उनले ४० प्रतिशत मात्र ल्याउन सके। गान्धीले मेट्रिक परीक्षा दिएको वर्ष सन् १८८७ मा अहमदाबाद केन्द्रबाट जाँचमा शामेल भएका कुल ३०९७ जना परीक्षार्थीमध्ये ७९९ जना (२६ प्रतिशत) मात्र उत्तीर्ण भएका थिए। त्यसमा गान्धीको स्थान ४०४औं थियो। यसबाट, कतिपयले बुझ्ने गरेजस्तो गान्धी पढाइ एवं जाँचमा सारै कमजोर विद्यार्थी थिएनन् भन्ने स्पष्ट हुन्छ।

मेट्रिक परीक्षाको तयारी गर्दै गर्दा गान्धीको विवाह भएको थियो भने सिकिस्त विमार बाबुको उपचार चल्दै थियो।

गान्धी पढेको विद्यालय, अलफ्रेड हाई स्कूल, राजकोट (गुजरात) का तत्कालीन शिक्षक एवं प्रअ जे एम उपाध्यायद्वारा लिखित *'महात्मा गान्धी : एज स्टुडेन्ट'* किताबमा दिइएको विवरण अनुसार पढाइको सन्दर्भमा गान्धीको मुख्य समस्या विद्यालयमा नियमितता नहुनु थियो। कक्षा ३ मा त उनी स्कूल लागेका ३३८ दिन मध्ये ११० दिन मात्र हाजिर थिए। अनि जुन कक्षामा उनको उपस्थिति नियमित छ, परीक्षाको नतिजा पनि राम्रो देखिन्छ। राम्रो अङ्क ल्याएबापत उनले मासिक १० रुपैयाँ छात्रवृत्ति पनि पाएका थिए- केही कक्षामा।

गान्धीको स्कूले जीवनको अर्को उल्लेख्य पक्ष, परीक्षामा अङ्क थोरै ल्याएको बेलामा समेत शिक्षकहरूले उनको बानी व्यहोरालाई 'अति राम्रो' भनी टिप्पणी लेख्ने गर्थे, जबकि उनी भन्दा बढी अङ्क पाउने कतिपयलाई 'राम्रो' मात्र भन्थे।